# मण्डनदेउपुर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**महादेबस्थान**

## *ढाँडखोला थारखोलाको रोडाढुंगा गिट्टी बालुवाको संकलन तथा बिक्रि शुल्क उठाउने सम्बन्धि शिलवन्दी बोलपत्र आव्हानको सूचना*

*चौथो पटक सूचना प्रकाशित मिति २०७७।०५।०३*

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ (घ) १ र (घ) ६ बमोजिम यस मण्डनदेउपुर नगरपालिकबाट आ.ब. २०७७ ७८ को लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले प्रदेश आर्थिक ऐनबाट पारित दररेट बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (**IEE**) मा उल्लेखित क्षेत्रहरुबाट स्विकृत परीमाणभन्दा बढी उत्खनन नहुने गरी रोडा,ढुंगा,बालुवा,ग्राभेल संकलन तथा बिक्रि शुल्कको ठेक्का लिन ईच्छुक ब्यक्ति, फर्म वा कम्पनीहरुवाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्र भित्र शिलबन्दी बोलपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ । रित नपुगी या म्याद नाघी प्राप्त हुन आएका शिलवन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

ठेक्का सम्बन्धी बिबरण :-

| क्र. सं | आन्तरीक आय ठेक्का संकेत | ठेक्का को विषय क्षेत्र | आ.व.२०७७/७८ का लागि कायम न्यूनतम अंक (मु.अ.कर बाहेक) | संकलन/ उत्खनन् गर्न पाउने अधिकतम परिमाण (वार्षिक) | वोलपत्र फाराम वस्तुर | धरौटी/जमानत रकम | बागमती प्रदेश सरकारबाट स्वीकृत दररेट |
|---|---|---|---|---|---|---|---|
| १. | ३ IR ०७७ ७८ | मण्डनदेउपुर नगरपालिकाको क्षेत्र आन्तर्गत ढाँडखोल र थारखोलाबाट रोडा ढुंगा,वालुवा,ग्राभेल (IEE मा उल्लेखित क्षेत्रहरु मध्ये ३ ओटा क्षेत्रबाट) संकलन गर्ने<br>मण्डनदेउपुर नगरपालिकाको क्षेत्र अन्तर्गत ढाडखोल र थारखोलाबाट क्षेत्र भित्र उत्पादन भई विक्री हुने नदिजन्य पदार्थको विक्री शुल्क (बोलपत्र फारामसाथ उपलब्ध सूची अनुसार) | १९,४८,९६५।०० (उन्नाइस लाख अट्चालिस हजार नौ सय पैसठ्ठी रुपैया मात्र) | २,१६,५५१।५८ क्यू.फिट | ३,०००।- | मु.अ.कर सहित कवोल अंकको ५ प्रतिशत | बालुवा, गिट्टी, ढुङ्गा, स्लेट प्रति क्यू फिट संकलन मुल्य मु.अ. कर बाहेक रु. ३ (तीन रुपैयां मात्र)<br>विकि मुल्य मु.अ. कर बाहेक रु.६ (छ रुपैयां मात्र) |

ठेक्का सम्बन्धि शर्तहरु :

१. शिलवन्दी बोलपत्र फाराम खरिद गर्दा ब्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलीपी,ब्यक्तिगत प्यान दर्ता प्रमाण पत्र, फर्मको हकमा अद्यावधिक फर्म नविकरण प्रमाणपत्रको प्रतिलीपी, आ.व. २०७५ ७६ को करचुक्ता प्रमाणपत्रको प्रतिलीपी ,साथै लिखित निवेदन स्वघोषणा पत्र र मू.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलीपी संलग्न गरि मिति २०७७।०५।०९ गते को कार्यालय समय भित्र राजश्व शाखामा बोलपत्र फाराम दस्तुर बुझाई खरिद गर्न सकिनेछ ।

२. वोलपत्र फाराम रितपूर्वक भरी मिति २०७७।०५।१० गते दिनको १२:०० बजे भित्र पेश गर्न सकिनेछ । पेश भएका शिलबन्दी बोलपत्रहरु सोही दिनको १४:०० बजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. शिलवन्दी बोलपत्रको मान्य अवधी कम्तीमा ९० दिनको हुनुपर्नेछ ।

४. बोलपत्र पेश गर्दा आफुले कवोल गरेको मु.अ.कर सहितको रकमको ५% ले हुन आउने धरौटी रकम यस कार्यालयको ग्लोबल आइएमइ **बैंक, कुन्ताबेसी शाखामा** रहेको धरौटी खाता नं. N404010000008 खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तिमा १२० (एक सय बीस) दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको सक्कल बैंक जमानत पत्र (**Bid Security**) अनिवार्य रुपले शिलबन्दी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

५. बोलपत्र भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

६. थप जानकारीका लागि यस नगरपालिकाको website मा विस्तृत सूचना राखिएको छ ।